# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) बमोजिमको विवरण देहाय बमोजिम रहेको छ ।

## विवरण सार्वजनिक गरेको अवधि २०८०।१०।०१ देखि २०८०।१२।३० सम्म

१. ***निकायको स्वरुप र प्रकृति :*** सिन्धु विकास बैंक लिमिटेड, कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम संचालित ५ जिल्ला (सिन्धुपाल्चोक, काभ्रेपलान्चोक, दोलखा, चितवन, र मकवानपुर) कार्य क्षेत्र भएको "ख" वर्गको विकास बैंक हो ।

२. ***निकायको काम , कर्तव्य र अधिकार :*** यस विकास बैंकको काम, कर्तव्य र अधिकार, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले तोके बमोजिमका रहेका छन् ।

३. ***निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण:*** यस विकास बैंकमा हाल कार्यरत कर्मचारी संख्या १८६ रहेको छ र निज कर्मचारीहरुको विवरण समय समयमा बैंकले तोके बमोजिम हुनेछ ।

४. ***निकायबाट प्रदान गरिने सेवा :*** यस विकास बैंकले प्रदान गर्ने सेवाहरुमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम "ख" वर्गको विकास बैंकले प्रदान गर्न सक्ने सम्पूर्ण बैंकिङ्ग सेवाहरु रहेका छन् ।

५. ***सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी :*** यस विकास बैंकका शाखा कार्यालयहरु र सो शाखा कार्यालयका जिम्मेवार अधिकारीहरुको विवरण बैंकको आधिकारीक वेबसाईट www.sindhubank.com.np मा उपलब्ध छ ।

६. ***सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधी :*** यस विकास बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि यस बैंकले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ र सोको जानकारी बैंकको आधिकारीक वेबसाईटमा उपलब्ध छ ।

७. ***निर्णय गर्ने प्रकृया र अधिकारी :*** यस विकास बैंकको बैंकिङ्ग कारोबारका सम्बन्धमा विभिन्न तहका अधिकारीहरुले विभिन्न प्रकारका निर्णय गर्न सक्ने विकेन्द्रिकृत अख्तियारीको व्यवस्था मिलाइएको छ । दैनिक कार्य संचालनका लागि प्रमुख कार्यकारी अधिकृत तथा नीतिगत निर्णयहरुका लागि बैंकको संचालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेका छन् ।

८. ***निर्णय उपर उजुरी सुन्ने अधिकारी :*** यस विकास बैंकमा प्राप्त गुनासो, उजुरी तथा सुझावहरु उपर गम्भिरता पूर्वक मनन् गरी उक्त उजुरी एवं सुझावहरु समाधान तथा कार्यान्वयन गर्ने गरिएको छ । केन्द्रिकृत रुपमा प्रमुख कार्यकारी अधिकृत उजुरी सुन्ने अधिकारीको रुपमा रहनु हुने छ ।

९. ***सम्पादन गरेको कामको विवरण:*** यस विकास बैंकले, बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ बमोजिम ख वर्ग अर्न्तगतका विकास बैंकले सम्पादन गर्न सक्ने र गरेको सम्पूर्ण बैंकिङ्ग कार्य सँग सम्बन्धी विवरणहरु त्रैमासिक रुपमा राष्ट्रिय स्तरको पत्रिकामा नियमित रुपमा प्रकाशित गर्ने गरिएको छ । साथै बैंकको वेवसाईटमा पनि सूचनाहरु राखिएको छ ।

१०. ***सूचना अधिकारी र प्रमुखको नाम र पद:***
सूचना अधिकारीको नाम : श्री प्रमोद न्यौपाने - नायब महाप्रबन्धक
प्रमुखको नाम : श्री राम कुमार गिरी - प्रमुख कार्यकारी अधिकृत ।

११. ***ऐन, नियम, विनियम वा निर्देशिकाको सूची:*** नेपाल राष्ट्र बैंकले निर्दिष्ट गरेका विनियमहरु तयार गरी राखिएको छ ।

१२. ***आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धि अघावधिक विवरण :*** यस विकास बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धि अघावधिक विवरणको वेवसाईटको Quarterly Report खण्डमा उपलब्ध छ ।

१३. ***तोकिएको बमोजिको अन्य विवरण :***

१४. ***अघिल्लो आ.ब.मा निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण :*** बार्षिक साधारण सभा, कर्मचारीहरुको तालिम, सेमिनार तथा गोष्ठी आदि ।

१५. ***निकायको वेवसाईट भए सो को विवरण :*** www.sindhubank.com.np

१६. ***निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धि विवरण :*** नभएको

१७. ***निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगती विवरण :*** वार्षिक प्रतिवेदन, प्रकाशन गरिएका त्रैमासिक आर्थिक विवरणहरु बैंकको वेवसाईटमा समेत राखिएको छ ।

१८. ***निकायमा परेको सूचना माग सम्बन्धि निवेदन र सो उपर सूचना दिएको विवरण :*** नभएको ।

१९. ***निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भए सो को विवरण :*** प्रत्येक ३ महिनामा प्रकाशित हुने त्रैमासिक आर्थिक विवरणहरु, धितोपत्र दर्ता तथा निष्काशन नियमाबली, २०७३ बमोजिमका विवरणहरु ।


**Sindhu Bikash Bank Ltd.**
**सिन्धु विकास बैंक लि.**
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त संस्था)

प्रधान कार्यालयः बाह्रबिसे-८, सिन्धुपाल्चोक
कर्पोरेट कार्यालयः बनेपा, काभ्रे, फोनः ०११-६६२३४०/४१, टोल फ्रि नं. १६६०११२२०१०
E-mail: info@sindhubank.com.np, Website: http://www.sindhubank.com.np